# सिलीचोङ गाउँपालिका

## वातावरण तथा विपद् व्यवस्थापन ऐन, २०८३

सभाबाट पारित मिति : २०८३/०३/१०

प्रमाणीकरण मिति : २०८३/०३/१८

राजपत्रमा प्रकाशन मिति: २०८३/०३/२२

**वातावरण संरक्षण, सरसफाई, विपद् जोखिम न्यूनीकरण, नदि र नदि जन्य प्राकृतिक स्रोत परिचालन र व्यवस्थापन सम्बन्धमा व्यवथा गर्न वनेको ऐन**

**प्रस्तावनाः** वातावरणीय ह्रासबाट प्रकृति, मानव जाति, जीवजन्तु, वनस्पति एवम् भौतिक वस्तुमा पर्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, प्राकृतिक तथा गैरप्राकृतिक विपद्‌बाट भौतिक चल अचल सम्पत्ति, प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र भौतिक संरचनामा हुन सक्ने क्षति एवम जोखिम न्यूनीकरणमा प्रभावकारी रूपमा कार्य गर्न एवम् नदिजन्य सामग्री प्रशोधन, उत्खनन् संकलन र ढुवानी कार्यलाई व्यवस्थित गरी वातावरण र विकासबीच सन्तुलन कायम गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सिलीचोङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वातावरण तथा सरसफाई ऐन, २०८३" रहेको छ।

(२) यो ऐन गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अदालत"** भन्नाले सर्वोच्च अदालत, उच्च अदालत वा जिल्ला अदालतलाई सम्झनु पर्छ र सो शब्दले कानून बमोजिम विवादको सुनुवाई र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत, न्यायिक निकाय वा अधिकारी समेतलाई जनाउनेछ।

(ख) **"अनुगमन टोली"** भन्नाले कार्यालयले विशेषज्ञ सहित गठन गरेको अनुगमन टोली सम्झनु पर्छ।

(ग) **"उजुरी"** भन्नाले कुनै पनि विवादका सम्बन्धमा प्रचलित कानून बमोजिम गाउँपालिकाबाट कारवाही र किनारा गर्न गाउँपालिका समक्ष परेको लिखित उजुरी सम्झनुपर्छ र सो शब्दले नालिस, निवेदन वा फिरादपत्र समेतलाई जनाउनेछ।

(घ) **"उपभोक्ता हित संरक्षण समिति"** भन्नाले गाउँपालिकाका उपप्रमुखको संयोजकत्वमा गठित समिति सम्झनु पर्छ।

(ङ) **"कन्टेनर"** भन्नाले फोहरमैला संकलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो वा बाल्टिन र यस्तै प्रकारको अन्य कुनै बस्तु सम्झनु पर्छ ।

(च) **"कार्यपालिका"** भन्नाले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिका लाई सम्झनु पर्छ ।

(छ) **"कार्यालय"** भन्नाले सिलीचोङ गाउँपालिकाको कार्यालय सम्झनु पर्छ र सो शब्दले वडा कार्यालय समेतलाई जनाउनेछ ।

(ज) **"गाँउपालिका"** भन्नाले सिलीचोङ गाँउपालिका सम्झनु पर्छ ।

(झ) **"निष्कासन"** भन्नाले फोहरमैला उत्पादन वा उत्पत्ति भएको स्थलबाट गाँउपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

(ञ) **"फोहरमैला"** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाबाट निस्कने फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्दछ र सो शब्दले प्रयोगमा नआउने तथा फालिएका बस्तु, सडे गलेका बस्तु र बातावरणमा ह्रास आउने गरी निष्कासन गरिएका बस्तुहरु लगायत अनधिकृत सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्प्लेट एवम् गाउँपालिकाले स्थानिय राजपत्रमा सुचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएको अन्य वस्तु समेतलाई जनाउनेछ ।

(ट) **"फोहरमैला संकलन"** भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने, घर घरबाट संकलन गर्ने, सार्वजनिक स्थलमा रहेको फोहरमैला बढार्ने, थुपार्ने, झारपात उखेल्ने तथा अनधिकृत रूपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट हटाई संकलन गर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ठ) **"तोकिएको"** वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि र निर्देशिकामा तोकिए बमोजिम सम्झनु पर्छ र सो शब्दले कारपालिकाले तोके समेतलाई जानाउनेछ ।

(ड) **"संकलन केन्द्र"** भन्नाले घर वा पसल वा अन्य निकायबाट निष्काशन भएका फोहरमैला संकलन गर्नका लागि फोहर निर्धारित समय सम्म राख्न वा संकलन गर्न गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्दछ ।

(ढ) **"विसर्जन"** भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा ब्यवस्थापन कार्य सम्झनु पर्दछ ।

(ण) **"सामाजिक अभियन्ता"** भन्नाले समाज र मुलुकको विकास र सम्वृद्धिका लागि निस्वार्थ र कुनै लाभको आशा नगरी स्वतस्फुर्त रूपमा सहभागी हुने नागरिकहरुको अनौपचारिक समुह सम्झनु पर्दछ ।

(त) **"सामुदायिक संस्था"** भन्नाले नाफा आर्जन नगर्ने उद्धेश्यले समुदायको हितको लागि प्रचलित कानुन बमोजिम स्थापित र सहभागितामुलक तवरबाट काम गर्ने युवा क्लब, टोलविकास संस्था तथा उपभोक्ता समुह, सहकारी संस्था वा गैरसरकारी संस्था सम्झनु पर्दछ।

## परिच्छेद -२

## वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३. **वातावरण संरक्षण क्षेत्र निर्धारण गर्न सक्ने** : (१) वातावरण संरक्षणका दृष्टिले महत्वपूर्ण मानिने सिलीचोङ गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक वा सौन्दर्यपरक क्षेत्र, पानीको मुहान, दुर्लभ वन्यजन्तु, जैविक विविधता, जलाधार क्षेत्र, वनस्पति, ऐतिहासिक तथा सांकृतिक महत्वका स्थलहरूलाई गाउँपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरण संरक्षण क्षेत्र तोक्ने कार्यविधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम वातावरण संरक्षण क्षेत्र तोकिएकोमा उक्त क्षेत्रको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्ने** : (१) प्रचलित भू-उपयोग नीति समेतलाई मध्यनजर गरी गाउँपालिका क्षेत्रभित्र वातावरणका दृष्टिले संरक्षण आवश्यक रहेको क्षेत्र पहिचान गरी त्यस्तो क्षेत्रलाई कार्यपालिकाबाट निर्णय गरी वातावरण संरक्षण विशेष क्षेत्र निर्धारण गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा निर्माण कार्यको प्रारम्भिक अध्ययन प्रक्रिया शुरु हुन अगाडि नै संघ र प्रदेशका सम्बन्धित निकायसँग समन्वय गरी कार्यपालिकाले कुनै क्षेत्र विशेषलाई वातावरण संरक्षण गर्ने उद्देश्यले खुल्ला वा हरियाली क्षेत्रको रूपमा तोक्न सक्नेछ।

(३) कुनै क्षेत्र वा स्थान विशेषमा अत्याधिक वातावरणीय प्रदुषण, भू:स्खलन, प्राकृतिक सम्पदाको अत्याधिक दोहन वा प्राकृतिक विपती हुन गई जनस्वास्थ्य वा वातावरणमा नकारात्मक प्रभाव परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यापालिकाले प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरी त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोक्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको वातावरण संरक्षण विशेष क्षेत्र, खुल्ला वा हरियाली क्षेत्र र संवेदनशील क्षेत्रको व्यवस्थापन कार्यापालिकाबाट तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापन गर्दा कार्यपालिकाले आवश्यकता अनुसार संघ र प्रदेशसँग समन्वय गर्न सक्नेछ।

५. **सम्पदा संरक्षण गर्नुपर्ने:** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सम्पदाको संरक्षण गर्नु गाउँपालिका, नागरिक र सम्पदा संरक्षणको क्षेत्रमा कार्यरत सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

(२) स्थानीय सम्पदाको संरक्षण गर्ने प्रयोजनका लागि गाउँपालिकाले सम्पदाको अभिलेख तयार गरी राख्नु पर्नेछ र सो अभिलेखमा राष्ट्रिय तथा विश्व सम्पदा सूचीमा परेका सम्पदा भए सो समेत समावेश गर्नु पर्नेछ ।

(३) सम्पदाको संरक्षणका लागि कार्यपालिकाले सरकारी तथा समुदायसँग समन्वय तथा साझेदारी गर्न सक्नेछ ।

६. **वातावरणीय अध्ययन गर्नुपर्ने:** (१) प्रचलित कानून तथा मापदण्ड बमोजिम परियोजना प्रस्तावकले वातावरण मैत्री विकास आयोजना निर्माण गर्न तोकिए बमोजिमका क्षेत्रमा कार्यान्वयन हुने परियोजना प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्नेछ ।

(२) प्रस्तावकले गाउँपालिकाको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृतिको लागि कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्ने क्रममा वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण समेत सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको संक्षिप्त वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धी प्रकृिया तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा प्रतिकूल प्रभाव पार्ने नदेखिएमा कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) कार्यपालिकाले उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको थप वातावरणीय अध्ययन गर्नुपर्ने देखिएमा वातावरणीय मूल्याङ्कन गर्न गराउन आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नुपर्नेछ ।

(८) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित नियकाबाट कार्यसूची स्वीकृत गराउनु पर्नेछ ।

(९) यो ऐन प्रारम्भ भएपछि कसैले पनि गाउँपालिकाबाट तोकिए बमोजिमको परियोजना प्रस्ताव स्वीकृत नगराई कुनै पनि आयोजना कार्यान्वयन गर्न गराउन हुँदैन।

(१०) कुनै परियोजना प्रस्ताव कार्यान्वयन गर्न चाहने प्रस्तावकले सम्बन्धित परियोजना प्रस्तावको प्रारम्भि वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन संलग्न गरी त्यस्तो परियोजना प्रस्ताव स्वीकृतिको लागि गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ।

(११) उपदफा (१०) बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा त्यस्तो परियोजना प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने नदेखिएमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको परियोजना प्रस्तावको हकमा कार्यपालिकाले स्वीकृति दिनेछ।

(१२) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण गरिएको प्रतिवेदन अध्ययन गर्दा त्यस्तो परियोजना प्रस्तावको वातावरणीय प्रभाव मूल्याकंन गरी परियोजना प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्ने देखिएमा सो प्रसतावउपर आवश्यक अध्ययन गरी रायसहित सो परियोजना प्रस्ताव सभामा पठाउनु पर्नेछ।

(१३) उपदफा (११) वा (१२) बमोजिम परियोजना प्रस्तावसाथ प्राप्त वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी प्रतिवेदनका सम्बन्धमा सर्वसाधारणले राय सुझाव दिन प्रतिवेदनको उतार गरी लैजान सक्नेछ तथा सो प्रतिवेदनमा राय सुझाव दिनका लागि सम्बन्धित निकायले विशेषज्ञहरू संलग्न एक समिति गठन गर्न सक्नेछ।

(१४) उपदफा (११) वा (१२) बमोजिम परियोजना प्रस्तावसाथ प्राप्त वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा सर्वसाधारणले कुनै राय सुझाव दिएको भए सो र उपदफा (१३) बमोजिम कुनै समिति गठन गरिएको भए सो समितिले दिएको राय सुझाव समेतको आधारमा त्यस्तो परियोजना प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावकलाई स्वीकृति दिनेछ।

(१५) उपदफा (११) वा (१४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनबाट परियोजना प्रस्तावको कार्यान्वयन गर्दा वातावरणमा पर्ने उल्लेखनीय प्रतिकुल प्रभावलाई कम वा नियन्त्रण गर्नु पर्ने वा गर्न सकिने देखिएमा कार्यपालिकाले प्रस्तावकर्तालाई आवश्यक शर्त तोकी परियोजना प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

(१६) परियोजना प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. **मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने:** प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड एवम् गुणस्तर कायम हुनेगरी तोकिए बमोजिम ढाँचामा तयार गर्नुपर्नेछ।

८. **वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेः** (१) प्रस्तावकाले प्रस्ताव कार्यान्वयन गर्नु अगाडि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नुपर्नेछ ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूलता न्यूनीकरणका उपायहरु मध्ये कुन कुन उपायहरु आयोजना निर्माणको क्रममा र कुन कुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो को समेत उल्लेख गर्नुपर्नेछ ।

(३) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागि स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन शुरु भएपछि प्रत्येक छ महिनामा प्रगति प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

९. **प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न नहुनेः** यो ऐन प्रारम्भ भएपछि कसैले पनि कार्यपालिकाले तोके बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न गराउनु हुँदैन ।

१०. **प्रस्ताव सम्बन्धी अन्य अवस्थाः** (१) वातावरणीय प्रभाव मूल्यांकन हुने प्रस्तावहरु सम्बन्धी कार्यविधि प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक कानून बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सम्बन्धित संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने जिम्मेवारी गाउँपालिकाको सम्बन्धित शाखाको हुनेछ ।

११. **रोक लगाउन सक्नेः** (१) कसैले पनि यस ऐन र प्रचलित कानूनले तोके बमोजिमको निकायबाट स्वीकृति नलिई वा स्वीकृति भए भन्दा विपरीत हुने गरी कार्यान्वयन गरेमा कार्यपालिकाले त्यस्तो प्रस्ताव कार्यान्वयमा रोक लगाउन वा रोक लगाउनको लागि प्रदेश सरकार तथा संघीय मन्त्रालय वा स्वीकृत गर्ने निकायमा सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्न रोक लगाईएकोमा त्यसरी रोक लगाइएको कारणबाट क्षति पुग्न गएमा प्रस्तावकले सो बापत कुनै किसिमको क्षतिपुर्तिको लागि दावी गर्न पाउने छैन ।

१२. **अनुकूलन योजना बनाउन सक्नेः** (१) जलवायु परिवर्तनको प्रतिकूल असर न्यूनीकरण र सम्भावित जोखिमबाट बच्नका लागि कार्यपालिकाले अनुकुलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकलन योजना बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक र आर्थिक रूपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(३) कार्यपालिकाले विकास आयोजना तर्जुमा गर्दा जलवायु परिवर्तनको लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम प्राथमिकीकरण गर्नुपर्नेछ ।

१३. **हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण कार्यहरु गर्न सक्नेः** (१) गाउँपालिकाले हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण सम्बन्धी अन्य व्यस्था प्रचलित कानून बमाजिम हुनेछ।

१४. **वन तथा हरित क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेः** (१) आफ्नो क्षेत्राधिकार भित्रको वन, वन पैदावार, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्धन गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) वन, वन पैदावर, वन्यजन्तु तथा हरित क्षेत्रको संरक्षण र प्रवर्धनमा सहयोग गर्नु नागरिकको कर्तव्य हुनेछ।

(३) वन तथा वन पैदावर संरक्षण र प्रवर्धन गर्ने सम्बन्धमा गाउँपालिकाले संघीय र प्रदेश कानूनको प्रतिकूल नहुने गरी देहाय बमोजिम गर्नुपर्नेछ।

(क) संघ तथा प्रदेशसँग समन्वय गरी स्थानीय समुदायको सहभागितामा आफ्नो सिमाभित्रका समुदायमा आधारित वन, निजी वन, कृषि वन तथा वनमा आधारित उद्योगहरु सञ्चालन तथा व्यवस्थापन गर्ने,

(ख) सामुदायिक वन उपभोक्ता समूह लगायत समुदायमा आधारित वन व्यवस्थापन गर्ने समूहको प्राविधिक, व्यवस्थापकीय, संस्थागत क्षमता विकासमा प्राथामिकता दिने,

(ग) वनसँग सम्बन्धित प्राविधिक सेवालाई प्रभावकारी बनाउनुका अतिरिक्त क्षमता विकासको लागि उत्प्रेरणात्मक अवसरहरु सिर्जना गर्ने,

(घ) स्थानीय समुदायमा रहेको वनजन्य, जडिबुटी तथा वनस्पति उपयोग सम्बन्धी परम्परागत ज्ञान, सीप र चिकित्सा पद्धतिलाई आधुनिक विज्ञानसँग संयोजन गर्दै उन्नत प्रकारको ज्ञान, सीप र उत्पादनका लागि उपयुक्त वातावरण निर्माण गर्ने,

(ङ) वन्यजन्तु र वनस्पतिको संरक्षण तथा प्रवर्धन गर्न संघ, प्रदेशसँगको समन्वयमा स्थानीय स्तरका प्राणी उद्यान तथा वनस्पति उद्यानहरु स्थापना र सञ्चालन गर्ने,

(च) वन पैदावर संकलनमा दिगोपना र प्रभावकारिताका लागि आधुनिक प्रविधिहरुको प्रयोगलाई प्रोत्साहन गर्ने,

(छ) दिगो वन व्यवस्थापनको मापदण्ड अनुरूप सबै वन व्यवस्थापनमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिले दिगोपना सुनिश्चित गर्ने,

(ज) संघ तथा प्रदेशको समन्वयमा संरक्षित क्षेत्र, सिमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरुबाट पर्यटन प्रवर्धन गर्न योगदान पुर्याउने,

(झ) वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण, पुनःस्थापना र दिगो उपयोग गर्न आवश्यक योजना र कार्यक्रम र कार्यक्रम सञ्चालन गर्ने,

(ञ) गाउँपालिका क्षेत्रभित्रका जलचरको संरक्षण गर्ने,

(ट) संघ तथा प्रदेशसँग समन्वय र सहकार्य गरी गरिबीको रेखामुनी रहेका जनताको गरिबी न्यूनीकरण गर्न वनको संरक्षण र विकास हुने गरी आय आर्जन तथा पर्यटनका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ठ) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग गर्न बनाएको वार्षिक कार्ययोजना गाउँपालिकाबाट स्वीकृत गरी कार्यान्वयन गराउने,

(ड) गाउँपालिका क्षेत्रभित्रको सार्वजनिक, पर्ती तथा ऐलानी जग्गामा रहेको काठदाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको विक्री गर्ने,

(ढ) सामुदायिक भू-संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रमहरु सञ्चालन गर्ने,

(ण) संघ तथा प्रदेशको मापदण्डको अधिनमा रही गाउँपालिका क्षेत्रभित्रको जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावर सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन प्रर्वद्धन, प्रशोधन र बजार व्यवस्थापन गर्ने ।

१५. **निजी वन दर्ता तथा व्यवस्थापन:** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले नीजि वन दर्ताको लागि डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफासि सहित कार्यपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी कार्यपालिकाले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(३) व्यवसायिक प्रयोजनका लागि निजी वन वा नीजि आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गर्नु परेमा कार्यपालिकाबाट स्वीकृत लिनु पर्नेछ।

१६. **सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था:** (१) कार्यपालिकाले प्रचलित नेपाल कानून तथा यस ऐनको अधीनमा रही सार्वजनिक जग्गामा वनको विकास, संरक्षण, व्यवस्थापन गर्न र वन पैदावरको उपयोग तथा विक्री वितरण गर्न सक्नेछ।

(२) कार्यपालिकाले सडक, नहर र बाटो किनारमा लगाईएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा, कुलोको मुहान, धार्मिक स्थाल वा त्यस्तै अन्य संवेदनशील ठाउँमा लगाइएका रुखहरुको संरक्षण गर्न तथा जोखिमपूर्ण अवस्थामा रहेका रूख प्रचलित नेपाल कानूनको अधीनमा रही हटाउन सक्नेछ।

१७. **वनक्षेत्रको प्रयोग:** गाउँपालिकाले कुनै पनि प्रकारका विकास आयोजना सञ्चालन गर्दा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययनबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा सो आयोजना सञ्चालन गर्न त्यस्तो वन क्षेत्रको जग्गा प्राप्त गर्नको लागि संघीय सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

१८. **नर्सरी र उद्यान स्थापना तथा व्यवस्थापन:** (१) संघीय तथा प्रादेशिक कानून प्रतिकूल नहुने गरी, प्रचलित मापदण्ड तथा तोकिएको प्रकृिया पुरा गरेको सुनिश्चि गरी गाउँपालिका क्षेत्र भित्र जो कोहीले पनि कार्यापालिकाको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गर्न सक्नेछन् ।

(२) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम सञ्चालन हुने नर्सरी तथाा उद्यानको सम्बन्धमा कार्यपालिकाले संघीय तथा प्रादेशिक मापदण्डसँग नबाझिने गरी सञ्चालन तथा पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र उपदफा (१) बमोजिम स्थापना हुने सबै नर्सरी तथा उद्यानहरुको कार्यपालिकाले कम्तिमा वर्षको एक पटक तोकिए बमोजिम अनिवार्य अनुगमन निरीक्षण गर्नुपर्नेछ ।

१९. **खुल्ला क्षेत्र व्यवस्थापन तथा हरियाली प्रवर्धन:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेको खुल्ला तथा सार्वजनिक क्षेत्रको संरक्षण, प्रवर्धन तथा अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रहने खुल्ला तथा सार्वजानिक क्षेत्रमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी वृक्षारोपण, सम्भार र व्यवस्थापन गर्न सक्नेछ ।

(३) खुल्ला तथा सार्वजनिक क्षेत्रको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **वातावरण संरक्षण योजना तर्जुमा गर्ने** : (१) कार्यपालिकाले वातावरण तथा जैविक विविधता संरक्षण योजना तर्जुमा तथा कार्यान्वियन गर्नेछ ।

(२) कार्यपालिकाले वातावरण संरक्षण योजना तर्जुमा गर्दा वातावरण संरक्षण, जैविक विविधताको संरक्षण र प्रवर्धन, दीगो उपयोग र वातावरणीय र जैविक विविधताका स्रोतहरुको परम्परागत र स्थानीय अभ्यासहरुलाई समेत समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वातावरण तथा जैविक विविधता संरक्षण योजना बनाउँदा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागारिक र आर्थिक रूपमा विपन्न समुदायलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

(४) वातावरण संरक्षण योजनामा समावेश गर्नुपर्ने विषयबस्तु तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## विपद् व्यवस्थापन सम्बन्धी व्यवस्था

२१. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्राकृतिक वा मानवीय जुनसुकै कारणबाट उत्पन्न विपद् व्यवस्थापनको लागि गाउँपालिकाको पुरै क्षेत्र वा कुनै निश्चित क्षेत्रलाई निश्चित अवधिका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्दा कार्यपालिकाको कम्तिमा पनि दुई तिहाइ सदस्यले निर्णय गरी घोषणा गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएकोमा त्यस्तो बिषय घोषणा भए पश्चात तत्काल बस्ने गाउँ सभामा अनुमोदनको लागि पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश भएकोमा सभाको दुई तिहाई सदस्यले उक्त घोषणा अनुमोदन गरेमा विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा तोकिएको अवधिका लागि कायम रहनेछ ।

(५) उपदफा (३) बमोजिम पेश भएकोमा उपदफा (४) बमोजिम अनुमोदन नभएमा उक्त घोषणा स्वत निष्क्रिय हुनेछ।

(६) यस दफा बमोजिम विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा सम्बन्धी सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(७) विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. **विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः** (१) नेपाल सरकारले गाउँपालिका भित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरीएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानुन बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ।

(३) उपदफा (१) बमोजिम घोषणा गरीएको क्षेत्र सम्बन्धी सूचना प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ।

२३. **नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नुपर्नेः** (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरीक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी गाउँ गाउँपालिकाले सोधखोज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरीक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत्सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराइनेछ।

२४. **मानवीय तथा अन्य सहायता र समन्वय** : (१) गाउँपालिका भित्र उत्पन्न विपद् अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरीनेछ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रही तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरीनेछ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो को व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध सम्मको सहयोग पुऱ्याउनु गाउँपालिकको दायित्य हुनेछ।

२५. **तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने** : (१) विशेष परिस्थिति परी विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सक्नेछ।

(२) विपद्‌बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्‌बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्र भित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ।

(३) विपद्‌बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ।

(४) गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ।

२६. **राहतको न्यूनतम मापदण्ड :** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले थप राहत उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा तोकिए बमोजिम राहत उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछः-

(क) विपद्‌बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ,

(ख) विपद्‌बाट मृत्यु हुनेको परिवार तथा सम्पत्ति व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत,

(ग) महिला, बालबालिका, जेष्ठ नागरीक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेज, महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी बिषय,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी बिषय,

(छ) एकद्वार प्रणाली अनुरूप राहत वितरण गर्ने सम्बन्धी बिषय,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय।

(४) गाउँपालिकाले विपद् राहत सामाग्री भण्डारण गर्ने प्रयोजनको लागि गोदाम घरको स्थापना गर्न सक्नेछ।

२७. **विपद्मा परी हराएका कागजातको प्रतिलिपि:** विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरूको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने समबन्धी व्यवस्था प्रचलित कानुनले तोके बमोजिम हुनेछ।

२८. **निर्देशन दिन सक्ने:** समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ।

२९. **सुरक्षा निकायको परिचालन:** (१) गाउँ कार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँ कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामग्री तत्काल उपलब्ध गराईनेछ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिकाले आफूसँग रहेको प्रहरीलाई परिचालन गर्नेछ।

३०. **वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार:** (१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपतकालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

(२) आपतकालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ।

३१. **सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वः** (१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछः-

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपतकालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपतकालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा राहत वितरण कार्यमा सहयोग पुयाउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

३२. **विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने** : गाउँपालिका भित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय सङ्घ संस्था, टोलविकास संस्था, समुदाय, स्वयंसेवक, नागरीक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछः-

(क) तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने

(ग) क्षमता विकास, आपतकालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

३३. **अभिलेख राख्नु पर्ने** : (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, उपलब्ध गराइएको राहत तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा बिपद् परेका महिला, बालबालिका तथा जेस्ठ नागरीक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको यकिन संख्या र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नु पर्नेछ।

३४. **पुरस्कार दिन सक्नेः** स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

३५. **वार्षिक प्रतिवेदनः** (१) समितिले प्रत्येक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ।

३६. **प्रशासनिक खर्च व्यस्थापन**: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ।

## परिच्छेद -४

## जैविक विविधता संरक्षण सम्बन्धी व्यवस्था

३७. **जैविक विविधताको संरक्षण गर्नुपर्ने** : (१) गाउँपालिकाको आफ्नो क्षेत्र र क्षेत्राधिकार भित्रको जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम जैविक विविधताको संरक्षण सम्बन्धी कार्य गर्दा संघीय तथा प्रदेश कानून तथा मापदण्ड प्रतिकूल नहुने गरी यस ऐन बमोजिम गर्नु पर्नेछ ।

(३) कृषिजन्य जैविक विविधता संरक्षणका लागि देहाय बमोजिम गर्नु गराउनु पर्नेछ;-

(क) विकासका कार्यक्रमहरु सञ्चालन गर्दा कृषि जैविक विविधताको संरक्षणलाई विशेष महत्व दिने,

(ख) जैविक विविधता, वातावरण र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम भएका आनुवंशिक रूपमा परिमार्जित जीव (genetically modified organism) तथा त्यसका उत्पादनलाई आवश्यकता अनुसार नियन्त्रण वा निषेध गर्ने,

(ग) कृषि पर्यावरणीय सेवाहरुको दिगो परिचालनको लागि पराग सेचक तथा अन्य पर्यावरणीय सेवा प्रदान गर्ने जीवहरु सम्बन्धी अध्ययन, अनुसन्धान, अनुगमन गरी संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) परम्परागत, ज्ञान सीप तथा अभ्यासको संरक्षण र प्रर्वद्धन गर्ने ।

(४) सिमसार कृषिजन्य जैविक विविधता संरक्षणका लागि देहाय बमोजिम गर्नु गराउनु पर्नेछ;-

(क) स्थानीय जनसमुदायको सहभागितामा उनीहरुको हितका लागि आफ्नो क्षेत्र अन्तर्गतका सिमसारको पहिचान गर्दै सो को संरक्षण र व्यवस्थापन गर्ने,

(ख) स्थानीय जनसहभागितामा आधारित सिमसार व्यवस्थापनको माध्यमद्वारा सिमसारको स्रोतहरुमाथि समन्यायिक अवसर दिलाउँदै बुद्धिमत्तापूर्ण प्रयोगको अवधारणलाई सार्थक तुल्याउने,

(ग) स्थानीय व्यक्ति, समुदाय एंव निकायलाई संलग्न गराउँदै सिमसारको संरक्षण र व्यवस्थापन कार्य प्रभावकारी बनाउने,

(घ) वर्तमान र भावी पुस्ताको फाईदाका लागि प्राकृतिक स्रोत संरक्षण गर्न स्थानीय वासिन्दाको हित हुने खालको सामाजिक र आर्थिक विकासका कार्यक्रम सञ्चालन गर्ने,

(ङ) सिमसारमा आश्रित संकटापन्न जीवजन्तु, जलचर, सापेक्षिक जंगली जनावर तथा अन्य जल आश्रित आनुवंशिक स्रोतको संरक्षण गर्ने,

(च) वातावरणीय असर न्यून हुने गरी सिमसार क्षेत्रमा वातावरण अनुकूल पर्यटनको विकास गर्दै प्राप्त लाभलाई यथासम्भव सिमसारको व्यवस्थापन र स्थानीय जनसमुदायको हितमा परिचालन गर्ने,

(छ) सिमसार संरक्षण र व्यवस्थापनका लागि तयार गरिने कार्ययोजनाहरुमा स्थानीय जनसहभागिता सुनिश्चित गर्ने,

(ज) सिमसार क्षेत्रमा आश्रित स्थानीयवासीको अनुभव, अभ्यास, सीप र ज्ञानको संरक्षण गर्दै सोही आधारमा सिमसारको संरक्षण र व्यवस्थापन गर्न पश्रय दिने,

(झ) सिमसार व्यस्थापना देखा पर्ने समस्याहरुको पहिचान गरी स्थानीय स्तरमै समाधानको उपायहरुको खोजी गर्न जनसहमतिका आधारमा व्यवस्थपन कार्ययोजना बनाई लागु गर्ने गराउने,

(ञ) सिमसार व्यवस्थापन योजना तर्जुमा गर्ने र व्यवस्थापन समितिमा स्थानीय जनसुदायका साथै संघ संस्थाको प्रतिनिधित्व गराउन आवश्यक कानूनी एवं प्रशासनिक व्यवस्था गर्ने,

(ट) सिमसारमा आश्रित स्थानीय जनसमुदायलाई सिमसारबाट प्राप्त हुने लाभको न्यायोचित बाँडफाँडका लागि आवश्यक व्यवस्था गर्ने ।

(५) जैविक विविधता संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. **जैविक विविधताको अभिलेखीकरण गुर्नपर्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र अवस्थित जैविक विविधताको वस्तुस्थिति र विवरणको अभिलेखीकरण व्यवस्थित र वैज्ञाजिक ढङ्गले राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरणको विवरण राष्ट्रिय मापदण्ड अनुरूप अद्यावधिक राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारूपमा राख्नु पर्नेछ ।

(४) जैविक विविधताको अभिलेखीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. **स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, अभ्यास आदीको संरक्षण गर्नुपर्ने:** (१) जैविक विविधताको सम्बन्धमा स्थानीय समुदाय भित्रका व्यक्ति वा समूहमा रहेको ज्ञान, सीप, अभ्यास आदिको पहिचान, अभिलेखीकरण तथा संरक्षण गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखीकरण वैज्ञानिक र व्यवस्थित ढङ्गले तोकिएको ढाँचा र प्रारूपमा राख्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ ।

४०. **खानी तथा खनिज पदार्थको संरक्षण** : (१) कार्यपालिकाले आफ्नो क्षेत्रभित्र रहेका खानी तथा खनिज पदार्थको अवस्था बारे जानकारी लिन वा बुझ्न सर्भे तथा खोज गर्न सक्नेछ ।

(२) खानी तथा खनिज पदार्थको संरक्षणको लागि गाउँपालिकाले देहायको कार्य गर्न गराउन सक्नेछ,-

(क) खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन गर्ने,

(ख) ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तु सम्बन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन गर्ने,

(ग) ढुंगा, गिट्टी, बालुवा, नुन, माटो, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्वन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन गर्ने,

(घ) स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन, अभिलेखन तथा व्यवस्थापन गर्ने ।

(२) खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४१. **जलाधार संरक्षण** : (१) गाउँपालिका क्षेत्रभित्र रहेका जलाधारको संरक्षण गर्नु गाउँपालिकाका नागरिक र सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) संघीय र प्रदेश कानून र मापदण्डको अधिनमा रही गाउँपालिका भित्रको जलाधार संरक्षण तथा व्यवस्थापन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) आफ्नो क्षेत्रमा रहेको जलाधार तथा खानेपानीको मुहानको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

४२. **वन, जंगल र वन्यजन्तु संरक्षण** : (१) स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा सहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन प्रचलित संघीय र प्रदेश कानूनको प्रतिकुल नहुने गरी यसै ऐन बमोजिम गरिनेछ।

(२) संघीय र प्रदेश कानून र मापदण्डको अधिनमा रही गाउँपालिका भित्रको वन, जंगल र वन्यजन्तु संरक्षण तथा व्यवस्थापन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) आफ्नो क्षेत्रमा रहेको वन, जंगल र वन्यजन्तुको पहिचान, अभिलेखीकरण, संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

(४) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक, निजी तथा व्यवसायिक वनको प्रवर्द्धन तथा नियमनको जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(५) गाउँक्षेत्रभित्र रहेका सामुदायिक, निजी तथा व्यवसायिक वनहरु यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र गाउँपालिकामा सूचीकरण भई सक्नु पर्नेछ।

(६) सामुदायिक, निजी तथा व्यवसायिक वन सूचीकरण आवेदन तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

(७) गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक खाली जग्गा र नाङ्गा पाखा वा क्षेत्रको संरक्षण गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(८) गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक खाली जग्गा र नाङ्गा पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार र उपयोग तथा व्यवस्थापनको कार्य गाउँपालिका आफैले वा सामुदायिक वा टोलविकास संस्था मार्फत गर्न गराउन सक्नेछ।

(९) गाउँ क्षेत्रमा जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्वन्धी, सर्भेक्षण, उत्पादन, संकलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापनको कार्य गाउँपालिकाले गर्नेछ।

(१०) आफ्नो क्षेत्रमा रहेको वन, जंगल र वन्यजन्तुको संरक्षण तथा व्यवस्थापनको लागि गाउँपालिकाले देहायका कार्य गर्न गराउन सक्नेछ,-

(क) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन गर्ने,

(ख) वनबीउ बगैंचा (Breeding Seed Orchards BSOs) स्थापना, व्यवस्थापन र प्रवर्द्धन गर्ने,

(ग) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्ने,

(घ) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन गर्ने,

(ङ) मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्ने,

(च) स्थानीयप्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन गर्ने,

(छ) स्थानीय वन्यजन्तु पर्यटन र आय आर्जनको लागि परिचालन गर्ने,

(ज) स्थानीयस्तरमा आखेटोपहार व्यवस्थापन व्यवस्थापन र परिचालन गर्ने,

(झ) स्थानीयस्तरमा वन, वन्यजन्तु र चराचुरुङ्गीको अभिलेखाङ्कन तथा अध्ययन अनुसन्धान गर्ने गराउने।

(११) उपदफा (१०) बमोजिमको कार्य गाउँपालिका आफैले वा स्थानीय समुदायमा आधारित संस्था वा टोलविकास संस्था मार्फत गर्न गराउन सक्नेछ।

(१२) वन, जंगल र वन्यजन्तु संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **वातावरण पर्यावरण तथा जैविक विविधता संरक्षण** : (१) स्थानीयस्तरमा वातावरण पर्यावरण तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन प्रचलित संघीय र प्रदेश कानूनको प्रतिकुल नहुने गरी यसै ऐन बमोजिम गरिनेछ।

(२) संघीय र प्रदेश कानून तथा मापदण्डको अधिनमा रही गाउँपालिका भित्र वातावरण पर्यावरण तथा जैविक विविधता संरक्षण तथा व्यवस्थापन गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) गाउँपालिकाको क्षेत्रभित्र वातावरण पर्यावरण तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापनको लागि गाउँपालिकाले देहायका कार्य गर्न गराउन सक्नेछ,-

(क) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन गर्ने,

(ख) मिचाह प्रजातिको नियन्त्रण गर्ने,

(ग) स्थानीयस्तरको वातावरण पर्यावरण तथा जैविक विविधताको जोखिम न्यूनीकरणको लागि कार्य गर्ने,

(घ) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन गर्ने, र

(ङ) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

(४) उपदफा (३) बमोजिमको कार्य गाउँपालिका आफैले वा स्थानीय समुदायमा आधारित संस्था मार्फत गर्न गराउन सक्नेछ।

(५) वातावरण पर्यावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -५

## प्राकृतिक स्रोत तथा नदीजन्य सामग्रीको उत्खनन र व्यवस्थापन

४४. **नदिजन्य सामाग्री उत्खनन र प्रशोधन गर्न सक्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका नदि वा खानीबाट प्राकृतिक स्रोत तथा नदिजन्य सामग्रीको उत्खनन र प्रशोधन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नदि वा खानीबाट प्राकृतिक स्रोत तथा नदिजन्य सामग्रीको उत्खनन र प्रशोधनको कार्य प्रचलित संघीय र प्रदेश कानुन तथा यस ऐनको अधिनमा रही गर्नु गराउनु पर्नेछ ।

(३) प्राकृतिक स्रोत तथा नदिजन्य सामग्रीको उत्खनन र प्रशोधन गर्नु पूर्व प्रारम्भिक वातावरण परीक्षण (Initial Environmental Examination-IEE) र वातावरण व्यवस्थापान योजना (Environmental Management Plan-EMP) तयार गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कार्य गाउँपालिका आफैले वा गाउँपालिका क्षेत्र भित्र स्थापना र सञ्चालन हुने वा यो ऐन प्रारम्भ हुनु अघि स्थापना भएको प्राकृतिक स्रोत वा बालुवा प्रशोधन उद्योग, क्रसर उद्योगहरुलाइ गर्न लगाउन सकिनेछ ।

४५. **नदिजन्य सामाग्री प्रशोधन उद्योग दर्ता र सूचीकरण** : (१) सिलीचोङ गाउँपालिका क्षेत्र भित्र स्थापना र सञ्चालन भएको बालुवा प्रशोधन उद्योग, क्रसर उद्योगहरु यो ऐन प्रारम्भ भएको मितिले १५ दिन भित्र गाउँपालिकामा दर्ता वा सूचिकृत गराई सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता वा सुचिकरणको लागि निवेदन गर्दा प्रारम्भिक वातावरण परीक्षण (Initial Environmental Examination-IEE) र वातावरण व्यवस्थापान योजना (Environmental Management Plan-EMP) समेत संलग्न गरी निवेदन गर्नु पर्नेछ ।

(३) परिच्छेद-७ बमोजिमको अनुगमन समितिले बालुबा, नदिजन्य सामाग्री प्रशोधन उद्योग तथा क्रसर उद्योगहरुले मापदण्ड, नियम पालन गरे नगरेको अनुगमन गर्नेछ र मापदण्ड अनुसार भएको नपाईएमा गाउँ कार्यपालिकाले सो उपर कारवाही गर्ने गराउनेछ ।

(४) बालुवा प्रशोधन उद्योग / क्रसर उद्योग प्लान्टहरुले नदीजन्य सामाग्रीको निर्यात तथा खपत विवरण प्रत्येक पन्ध्र पन्ध्र दिनमा कार्यपालिकामा बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम विवरण बुझाउदा कुन खोला वा खानीको नदीजन्य सामाग्री भण्डारण भएको हो सो सम्बन्धमा समेत कार्यपालिकामा लिखित जानकारी गराउनु पर्नेछ ।

(६ उपदफा (४) बमोजिम विवरणमा नदीजन्य समाग्री ढुवानी गर्दा के कुन सडक तथा पहुचमार्गबाट गरिने हो सो उल्लेख गर्नु पर्नेछ

(७) उपदफा (६) बमोजिमको सडकको खाल्डा खुल्डी पुरी नियमित सञ्चालन योग्य राख्ने कार्य सम्बन्धित प्रसोधन व्यवसायीले नै गर्नु पर्नेछ ।

(८) ढुवानी कर्ताले बालुवा, नदिजन्य सामाग्री प्रशोधन उद्योगबाट विक्री भएको सामाग्रीको रसिद (मुल्य अभिबृद्धि कर सहित) साथमा राखी ढुवानी गर्नु पर्नेछ ।

(९) उपदफा (८) बमोजिम ढुवानीको गाडी सँगै रसिद नभएको खण्डमा कार्यालयले तोकिएको करको दोब्बार कर अशुल गर्ने गराउनेछ ।

(१०) कार्यपालिकाले आवश्यक्ता अनुसार आकस्मिक रूपमा समेत नदीजन्य सामाग्रीको भण्डारण स्थलको निरीक्षण गर्न सक्नेछ ।

४६. **घाटगद्धी गर्न सक्ने** : (१) प्रचलित कानून बमोजिम नदीजन्य सामाग्रीको उत्खनन, संकलन तथा ढुवानीमा प्रतिबन्ध लगाईने समयमा समेत नदीजन्य सामग्रीको उपलब्धताको लागि गाउँपालिकाबाट स्वीकृत परिमाणमा उक्त समय भन्दा एक महिना अघि नै घाटगद्दी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले घाटगद्दीगर्न सकिने परिमाण तोक्दा प्रारम्भिक वातावरण परीक्षण (Initial Environmental Examination-IEE) र वातावरण व्यवस्थापन योजना (Environmental Management Plan-EMP) समेतको आधारमा तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम घाटगद्दी गरी राखिएको सामाग्री उत्खनन, संकलन तथा ढुवानीमा प्रतिबन्ध लगाईएको समयमा विक्री तथा ढुवानी गर्नु परेमा गाउँ कार्यपालिकामा निवेदन दिई भण्डारण प्रमाणित गराएर मात्र ढुवानी गर्न पाईनेछ ।

(४) उपदफा (३) बमोजिम भण्डारण प्रमाणित गराउँदा गाउँपालिकाले सेवाशुल्क वापत तोकिए बमोजिमको दरले शुल्क लिन सक्नेछ ।

(५) उपदफा (३) बमोजि भण्डारण प्रमाणित भए पछि भण्डारण कर्ताले प्रत्येक पन्ध्र पन्ध्र (१५/१५) दिनमा खपत भएको सामाग्रीको विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ ।

(६) उपदफा (३) बमोजि भण्डारण प्रमाणित भएकोमा अनुगमनको क्रममा भण्डारण प्रमाणित गरेको मौज्दात भन्दा बढी पाईएमा यसै ऐन बमोजिम कारवाही हुनेछ ।

४७. **निजी जमिनबाट उत्खनन् र व्यवस्थापन** : बाढीको कारणले बिग्रेको जमिन मिलाउदा वा पोखरी निमार्ण गर्दा निस्किने बालुवा, ढुङ्गा, गिट्टी सोहि ठाँउमा थुपार्नु पर्ने वा पोखरीको डिलमा प्रयोग गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निस्किएको सामाग्रीहरु विकास निमार्णको कार्यमा प्रयोग गर्नु परेमा प्रचलित कानून बमोजिमको दर अनुसारको राजश्व गाउँ कार्यपालिकामा बुझाई अनुमती लिएर मात्र त्यस्ता सामग्रीको ओसार पोसार गर्न पाईनेछ ।

४८. **गौरवको आयोजनको लागि उद्योग राख्न अनुमति दिन सकिने** : (१) गाउँपालिका क्षेत्रभित्र निर्माणधिन रहेका राष्ट्रिय राजमार्ग वा प्रादेशिक राजमार्ग वा पहिलो प्राथमिकता प्राप्त आयोजना वा गाउँपालिकाको

गौरवको आयोजना वा ठूला आयोजनाहरुको निर्माणलाई नदिजन्य सामाग्री आपूर्ति गर्न क्रसर राख्न वा बालुवा प्रशोधन उद्योग राख्न अनुमति दिन सकिनेछ।

(२) उपदफा (१) बमोजिम आयोजनाहरुको बातावरणीय मूल्याङ्कन प्रतिवेदन, बोलपत्र सम्बन्धी कागजातहरु वा सम्झौतामा नदीजन्य पदार्थ उपलब्ध गराउने व्यहोरा उल्लेख भएकोमा त्यस्ता आयोजना सञ्चालन गर्ने निकायको सिफारिसमा आयोजना निर्माण अवधिभर अस्थायी रूपमा क्रसर वा बालुवा प्रशोधन उद्योग/प्लान्ट स्थापना गर्न गाउँ कार्यपालिकाले अनुमती दिन सक्नेछ।

(३) बोलपत्र सम्बन्धी कागजात वा अन्य कागजातमा उल्लेख नभएको तर उद्योग स्थापना नगरी आयोजना सञ्चालन गर्न कठिनाई हुने अवस्था रहेमा सम्बन्धित निकायको सिफारीसका आधारमा मापदण्ड बमोजिम गाउँ कार्यपालिकाले अस्थायी स्थापना अनुमति प्रदान गर्न सक्ने छ।

(४) उपदफा (३) बमोजिम सञ्चालन हुने उद्योगबाट पर्ने बातावरणिय प्रभावको न्यूनिकरण गरी सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित उद्योग वा प्लान्ट सञ्चालकको हुनेछ।

(५) यस दफा बोजिम अनुमति दिदा लाग्ने अनुमती दस्तुर र बार्षिक नविकरण दस्तुर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम सञ्चालन हुने उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको परिमाण प्रारम्भिक वातावरण परीक्षण (Initial Environmental Examination-IEE) को प्रतिबेदनमा उल्लेखित भए बमोजिम मात्र हुनेछ।

(७) यस दफा बमोजिम सञ्चालन हुने उद्योगले प्रचलित कानूनले तोके बमोजिमको कर, दस्तुर र शुल्क गाउँपालिकामा बुझाई सामग्रीको प्रयोग गर्नुपर्नेछ।

(८) यस दफा बमोजिमको व्यवस्थाका लागि उत्पादित सामाग्री अन्य प्रयोजनको लागि उपलब्ध गराउन पाइने छैन।

(९) उपदफा (८) मा जुन सुकै कुरा लेखिएको भए तापनि तत्काल सामग्री उपलब्ध नगराउदा आयोजना निर्माणमा समस्या हुने देखिएमा आयोजना सञ्चालन गर्ने नियकायको सिफारीस, प्रारम्भिक वातावरणीय परीक्षण तथा सम्बन्धित अन्य आवश्यक कागजातका आधारमा सामाग्रीको दुरूपयोग नहुने सुनिश्चित गरी प्रचलित कानून बमोजिम थप राजश्व लिई प्रचलित कानून बिपरित नहुने गरि उपलब्ध गराउन सकिने छ।

(१०) क्रसर उद्योग/प्लन्ट स्थापना गर्न अनुमति माग गर्ने निवेदन तथा अनुमति प्रदान गरिएको कागजातको ढाँचा तोकिए बमोजिम हुनेछ।

४९. **नदिजन्य सामग्रीको ढुवानी** : (१) नदीजन्य सामाग्री उत्खनन्, संकलन, प्रशोधन तथा ढुवानी कार्यमा संलग्न व्यवसायीहरुले प्रयोग गर्ने सडकको खाल्डा खुल्टी पुर्ने, धुलो नउडने गरी पानीले भिजाउने कार्य एकल वा सामुहिक रूपमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि सम्बन्धीत वडा कार्यालयले आवश्यक समन्वय गर्ने गराउने छ।

(३) नदीजन्य सामाग्री उत्खनन्, संकलन, प्रशोधन तथा ढुवानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५०. **ढुङ्गा, गिट्टी, बालुवा, माटोको उत्खनन्, संकलन, उपयोग, विक्री तथा वितरण** : (१) गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका ढुङ्गा, गिट्टी, बालुवा तथा माटोको उत्खनन, संकलन उपयोग, विक्री तथा वितरण सम्बन्धी व्यवस्था संघीय सरकारले जारी गरेको मापदण्ड अनुरूप हुनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रही गाउँपालिकाले आफ्नो छुट्टै मापदण्ड र कार्यविधि बनाउन सक्नेछ।

५१. **नदी उकास, नदी, नहर र सडक किनारमा वृक्षारोपण**: (१) गाउँपालिका भित्रको नदी किनार, नदी उकास नहर किनार र सडक किनारमा कार्यपालिकाको अनुमति लिई वृक्षारोपण गर्न सकिनेछ।

(२) कार्यपालिकाले वृक्षारोपण सम्बन्धी मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५२. **भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालनः** संघीय तथा प्रदेश कानूनको अधिनमा रही गाउँपालिकाले स्थानीय तहको भू-उपयोग योजना र भूमि व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

५३. **कर, दस्तुर र शुल्क संकलन**: (१) एक स्थानीय तहमा सामाग्रीको कर, दस्तुर वा शुल्क कर तिरी सके पछी सोहि सामग्रीमा गाउँपालिका क्षेत्रमा सोही कर, दस्तुर वा शुल्क दोहोरो हुने गरी लिईने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर, दस्तुर वा शुल्क तिरेको प्रमाण देखाउने दायित्व ढुवानिकर्ताको हुने र प्रमाण देखाउन नसकेमा गाउँपालिका क्षेत्रमा प्रवेश गर्दा कर, दस्तुर वा शुल्क अशुल गरिनेछ।

५४. **कर छली गर्न नहुने**: (१) यस परिच्छेद बमोजिम नदीजन्य सामाग्री उत्खनन्, संकलन, प्रशोधन तथा ढुवानी गर्दा प्रचलित कानून बमोजिम गाउँपालिकालाई बुझाउनु पर्ने कर, दस्तुर वा शुल्क छली गर्न गराउन हुदैन।

(२) कर, दस्तुर वा शुल्क छली गर्ने उदेश्यले वा गाउँपालिकाले निषेधित गरेको स्थान वा समयमा लुकी छिपी उत्खनन् वा ढुवानी गरेको पाईएमा त्यस्तो उत्खनन् भएको सामाग्री जफत गरी सो सामग्रीमा लाग्ने कर, दस्तुर वा शुल्क समेत असुल गरिनेछ।

(३) उपदफा (२) बमोजिम छली गरेकोमा त्यसरी छली गरेको कर, दस्तुर वा बराबरको जरिवाना समेत गरिने छ।

(४) यस दफा बमोजिम कर, दस्तुर वा शुल्क छली गरेको सूचना दिने वा पक्राउ गर्ने व्यक्तिलाई असुल भएको जारिवानाको २५ (पच्चीस) प्रतिशत रकम पुरस्कार स्वरूप उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद -६

## फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

५५. **फोहरमैलाको प्रबन्ध गर्ने दायित्वः** (१) फोहरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र (ट्रान्सफर स्टेशन), ल्याण्डफिल साइट, प्रशोधन प्लाण्ट, वायो ग्यास प्लाण्ट लगायत फोहरमैलाको संकलन, अन्तिम बिसर्जन तथा प्रशोधनकालागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(२) फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाइको सिलसिलमा जम्मा भएको फोहरमैला प्रबन्ध गर्ने वा कुनै पनि किसिमबाट प्रयोग गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(३) फोहरमैला उत्पादन वा उत्पत्ति भएको स्थलबाट नै कुहिने, नकुहिने, सिसाजन्य र प्लाष्टिकजन्य फोहरमैला वर्गीकरण गरी फोहरमैला संकलन केन्द्रमा लगेर निर्धारित स्थानमा राख्न वा थुपार्ने काम फोहरमैला उत्पादक व्यक्ति वा निकायको जिम्मेवारी र कर्तव्य हुनेछ।

(४) यस दफाको प्रयोजनको लागि फोहरमैला संकलन केन्द्र, स्थानान्तरण केन्द्र वा प्रशोधन स्थलमा फालिएको वा राखिएको फोहरमैला वा सरसफाइको सिलसिलामा जम्मा भएको कुनै पनि पदार्थ फोहरमैला मानिनेछ ।

५६. **फोहरमैला व्यवस्थापन गर्ने दायित्वः** (१) गाउँपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिका कै हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थानप गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहरमैला उत्पदन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला रासायनिक फोहरमैला तथा औद्योगकि फोहरमैला प्रसोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा गाउँपालिकाले आर्थिक ऐनमा निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) कार्यपालिकाले सामुदायिक सरसफाइ सम्बन्धी निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(६) जाँच परीक्षणमा कुनै निकायमा फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा गाउँपालिकाले उक्त निकायलाई समयमै सचेत गराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गर्नेछ ।

५७. **फोहरमैला उत्पादन कम गर्ने:** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नुपर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

स्पष्टिकरणः "आफ्नो क्षेत्र" भन्नाले गाउँपालिका भित्रको नीजि घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

५८. **फोहरमैला पृथकीकरण:** (१) गाउँपालिकाले फोहरमैलालाई तोकिए बमोजिम जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी सो फोहरमैलालाई स्रोत मै छुट्याउने गरी तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिदिए बमोजिम फोहरमैला स्रोतमै छुट्याई संकलन केन्द्रसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि कार्यपालिकाले आवश्यक प्रविधि, मालसामन, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन सक्नेछ ।

(३) पुनर प्रयोग हुन सक्ने फोहर वा कबाडी सामग्री व्यवस्थापनको जिम्मेवारी सम्बन्धित व्यक्ति वा व्यवसायी वा फर्म वा निकायको हुनेछ ।

५९. **फोहरमैलाको निष्काशन:** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गर्न पाईने छैन ।

६०. **फोहरमैला संकलन केन्द्र:** (१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रूपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रूपले उपयुक्त स्थानमा तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका कार्यपालिकाले निर्धारण गरे बमाजिम हुनेछ ।

६१. **फोहरमैला विसर्जन क्षेत्र व्यस्थापन** :(१) कार्यपालिकाले फोहरमैलालाई व्यवस्थित रूपमा व्यवस्थापन गर्नका लागि विसर्जन क्षेत्रको व्यवस्था गर्नु पर्नेछ ।

(२) यस परिच्छेद बमोजिम संकलन र व्यवस्थापन गरिने फोहरमैला तोकिएको विसर्जन क्षेत्रमा मात्र व्यवस्थापन गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम विसर्जन क्षेत्रको व्यवस्थापन गर्दा डम्पिङ्ग साइड वा ल्याण्डफिल साइडको रूपमा गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिमको व्यवस्थापन गर्दा गाउँपालिकाले प्रचलित कानून बमोजिम जग्गा प्राप्त गरी वा सार्वजनिक क्षेत्रमा वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी गर्नु पर्नेछ।

(५) फोहरमैला विसर्जन क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमिजिम हुनेछ।

६२. **जोखिमपूर्ण फोहरको व्यवस्थापनः** (१) कुनै जोखिमपूर्ण फोहरको संकलन, भण्डारण, प्रशोधन, विक्री वितरण, विसर्जन वा ओसार पसार गर्दा उत्पादन वा सञ्चालकले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रूपले उपयुक्त स्थानमा तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमाजिम जोखिमपूर्ण फोहरको व्यवस्थापन गर्दा उत्पादक वा संञ्चालकले आफ्नै खर्चमा व्यवस्थापन गर्नु पर्नेछ।

(३) जोखिमपूर्ण फोहर व्यवस्थापन सम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।

६३. **फोहरमैलाको न्यूनीकरणः** (१) फोहरमैला न्यूनीकरणको लागि गाउँपालिकाले पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग हुन सक्ने फोहरलाई प्रो पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगका लागि प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ।

(२) कार्यपालिकाले उत्पादन उद्योग, प्याकिङ्ग उद्योगले बस्तु उत्पादन तथा प्याकिङ्ग गर्न प्रयोग गरेको बस्तुलाई पुन: प्रयोग गरी फोहमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग समन्वय गर्न सक्नेछ।

(३) फोहरमेला न्यूनीकरणको प्रभावकारी कार्यान्वयनका लागि कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

६४. **अनुमति सम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम कार्यपालिकाको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन सक्नेछैन।

(२) फोहरमैला व्यवस्थापन गर्न चाहने स्वेदेशी वा विदेशी कम्पनी, संस्था वा निकायले देहायको विवरण खुलाई अनुमतिको लागि कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ;-

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,

(ख) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक जनशक्ति, प्राविधिक तथा प्रविधिको विवरण,

(ग) तोकिए बमोजिमको अन्य विवरण।

(३) उपदफा (२) बमोजिम पर्न आएको निवेदन उपर कार्यपालिकाले आवश्यक जाँचबुझ गरी अनुमति पत्र दिन सक्नेछ।

(४) फोहरमैलाको व्यवस्थापन, पुनः चक्रिय प्रयोग, प्रशोधन र विसर्जनमा आवश्यक पर्ने प्रविधि स्वदेशमा उपब्ध हुन नसक्ने देखिएमा त्यस्तो प्रविधि उपलब्ध गराउन सक्ने कुनै विदेशी कम्पनी, संस्था वा निकायलाई सम्झौतामा उल्लेखित अवधिभित्र त्यस्तो प्रविधि हस्तान्तरण गर्ने शर्तमा नेपाल सरकारको स्वीकृति लिई कार्यपालिकाले उपदफा (३) बमोजिम अनुमतिपत्र दिन सक्नेछ।

(५) अनुमतिपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६५. **फोहरमैला व्यवस्थापनमा नीजि तथा सामुदायिक क्षेत्रको संलग्नताः** (१) गाउँपालिकाले आवश्यकता अनुसार यस ऐन बमोजिम अनुमति प्राप्त निजी क्षेत्रका कम्पनी वा सामुदायिक क्षेत्रबाट तोकिए बमोजिम प्रतिस्पर्धा गराई आफ्नो क्षेत्रको फोहरमैला व्यवस्थापन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन गर्दा निजी क्षेत्रका कम्पनीको हकमा देहायका सबै वा कुनै र सामुदायिक एवं गैरसरकारी संघ, संस्थाको हकमा देहायको कुनै काम गराउन सकिनेछ;-

(क) फोहरमैलाकोन्यू नीकरणका लागि जनचेतना अभिवृद्धि,

(ख) फोहरमैला संकलन,

(ग) फोहरमैला ढुवानी,

(घ) फोहरमैलाको प्रयोग, पुन:प्रयोग, पुन:चक्रिय प्रयोग वा प्रशोधन,

(ङ) फोहरमैला विसर्जन,

(च) विसर्जन पश्चात् व्यवस्थापन।

६६. **प्रतिस्पर्धा गराई फोहरमैला व्यवस्थापनको जिम्मा दिने** : (१) कार्यालयले यस ऐन बमोजिम निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहरमैला व्यवस्थापन गराउँदा बोलपत्र आह्वान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनकको छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछ;-

(क) गाउँपालिकालाई बुझाउन कबोल गरेको रकम,

(ख) फोहरमैलाबाट उर्जा शक्ति उत्पादन गर्ने वा प्राङगारिक मल उत्पादन गर्ने क्षमता, पुँजी, प्रविधि र जनशक्तिको क्षमता,

(ग) आर्थिक तथा प्राविधिक क्षमता,

(घ) फोहरमैला व्यवस्थापन गर्दा प्रयोग गर्न प्रस्ताव गरिएको प्रविधिको दिगोपन तथा वातावरणीय प्रभाव न्यूनीकरण,

(ङ) व्यवस्थापन करार गर्न प्रस्ताव गरिएको व्यवस्थापन शुल्क,

(च) फोहरमैलाको प्रयोग, प्रशोधन वा पुनः प्रयोग गर्ने सम्बन्धमा भए कार्यपालिकालाई बुझाउन मञ्जुर गरिएको रोयल्टी ।

(३) बोलपत्र सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापनको जिम्मा पाएको कम्पनी, संस्था वा निकायले कार्यालयसँग गरेको सम्झौताको अधिनमा रही शुल्क उठाउन सक्नेछ ।

(५) फोहरमैला व्यवस्थापनमा गैरसरकारी क्षेत्रमा संलग्नता सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

६७. **फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गर्न स्वीकृति दिन सकिनेः** (१) निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य संयन्त्र निर्माण गरी सञ्चालन गर्न स्वीकृति माग गरेमा वातावरण तथा अन्य प्रचलित कानूनको अधीनमा रही त्यस्तो संयन्त्र निर्माण तथा सञ्चालनका लागि कार्यपालिकाले स्वीकृति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रबाट फोहरमैला व्यवस्थापन संयन्त्रको निर्माण तथा सञ्चालन गर्दा तोकिएको वातावरणीय मापदण्डको पालना भए वा नभएको अनुगमन कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा स्वीकृत मापदण्डको पालना गरेको नपाईएमा कार्यपालिकाले त्यस्तो मापदण्ड पालनाको लागि आवश्यक व्यवस्था गर्न समयावधि तोकिदिन सक्नेछ

(४) उपदफा (३) बमोजिमको समयावधीमा पनि मापदण्डको पालनाको लागि आवश्यक व्यवस्था नगरेमा त्यस्तो व्यक्ति वा कम्पनीको स्वीकृति रद्ध गर्न सकिनेछ ।

६८. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः** (१) गाउँपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामदायिक एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुके कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसकारी एवं गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेता अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलनको बन्द पश्चात् व्यवस्था, उद्यान निर्माण र सौन्दर्यकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

६९. **सेवा शुल्क उठाउन सक्नेः** (१) कार्यपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट आर्थिक ऐनमा तोकिए बमोजिमको दरमा सेवा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराहरुको अधारमा कार्यपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क कार्यपालिका आफैँले वा निजले तोको संस्था वा निकाय मार्फत समेत उठाउन सक्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ६७ बमोजिम फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति संस्था वा निकायले कार्यपालिकासँग भएको सहमतिको आधारमा फोहरमैला व्यवस्थापन गरे बापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क उठाउन सक्नेछ।

तर तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छुट दिइनेछ।

(५) यस दफा बमोजिम शुल्कबाट प्रापत आम्दानी तथा फोहरमैला व्यवस्थापन निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी कार्यपालिकाले एउटा छुट्टै शीर्षकमा राखी तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्नेछ।

७०. **प्रदुषणको रोकथाम तथा नियन्त्रण:** (१) वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण सिर्जना गर्न वा तोकिएको मापदण्ड विपरित कुनै व्यक्ति, यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य स्थान वा माध्यमबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्काशन गर्न, गराउन पाइँदैन।

(२) उपदफा (१) विपरित कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पारेको देखिएमा सम्बन्धित निकायले तत् सम्बन्धमा आवश्यक शर्तहरू तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) हानिकारक पदार्थ, इन्धन, वा औजारको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव परेको वा पर्ने देखिएमा सम्बन्धित निकायले सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन वा औजारको प्रयोगमा तत्काल रोक लगाउन सक्नेछ।

(४) जनस्वास्थ्य, प्रकृति तथा जीवजन्तुलाई प्रतिकुल असर पर्ने गरी हानिकारक विषादीको विक्री, वितरण तथा प्रयोग गर्ने, गराउने कार्यमा गाउँपालिकाले नियमन, नियन्त्रण वा असरको प्रभाव हेरी रोक लगाउन सक्नेछ।

(५) कसैले पनि प्रचलित मापदण्ड विपरीत वा जनजीवन, जनस्वास्थ र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदुषण सृजना गर्न वा गराउनु हुँदैन।

(६) तोकिएको मापदण्ड विपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान, होटल रेष्टुरेण्ट वा अन्य ठाउँ वा मालसामान वा वस्तुबाट ध्वनी, ताम, रेडियोधर्मी विकिरण, तरंग वा फोहरमैला वा दुषित पानी निष्काशन गर्न गराउन हुँदैन।

(७) उपदफा (५) र (६) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पारको देखिएमा गाउँपालिकाले तत् सम्बन्धमा आवश्यक शर्तहरु तोक्न वा त्यस्तो कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(८) कुनै किसिमको पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेको वा पर्ने देखिएमा प्रदेश र संघीय सरकालाई सो को जानकारी गराई गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो पदार्थ, इन्धन, औजार वा संयन्त्रको प्रयोग, उत्पादन, बिक्री वितरण, भण्डारणमा बन्देज लगाउन सक्नेछ र आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

(९) प्रदूषणको रोकथाम तथा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजम हुनेछ।

७१. **प्रयोगशाला स्थापना गर्न सक्नेः** (१) वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण सम्बन्धी कार्यमा सहयोग पुर्याउन गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी आवश्यकता अनुसार विभिन्न प्रयोगशालाहरु स्थापना गर्न वा नेपाल सरकाले मान्यता दिएको कुनै प्रयोगशालालाई सो कामको लागि तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएका वा तोकिएका प्रयोगशालाको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमाजिम हुनेछ।

७२. **नमुना संकलन गर्न दिनुपर्नेः** कुनै पनि उद्योग, कलकारखाना, यन्त्र, सवारी साधन, हस्पिटल, होटल आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदुषण, ध्वनि, ताप तथा फोहरमैला आदिको अध्ययन, परीक्षण, निरीक्षण वा विश्लेषण गर्नका लागि गाउँपालिकाबाट खटिने अधिकारप्राप्त व्यक्ति वा संस्थालाई सम्बन्धित व्यक्ति वा संस्थाले आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नमुना संकलन गर्ने कार्यविधि तोकिए बमाजिम हुनेछ।

७३. **राजपत्रमा सूचना प्रकाशन गरे पछी लागु हुने** : यस परिच्छेदको दफा ५५ देखि दफा ६७ सम्मको व्यवस्था कार्यपालिकाले राजपत्रमा सुचना प्रकाशन गरी तोकिदिएको मितिबाट लागु हुनेछ।

## परिच्छेद -७

## समिति, संयन्त्र तथा जनशक्ति व्यवस्थापन

७४. **समिति गठन गर्न सक्ने** : (१) गाउँपालिकाले यो ऐनको उद्देश्य पुरा गर्नका लागि विषयगत विशेषज्ञहरू समेत रहेका विभिन्न समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिहरूको काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ।

७५. **अनुगमन समितिः** यस ऐन बमोजिमको कार्यको पालना एवम् गुणस्तर सुनिश्चित गर्न देहाय बमोजिमको अनुगमन समिति गठन गरिनेछ;-

(क) अध्यक्ष -संयोजक
(ख) उपाध्यक्ष -सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य
(घ) निकुन्ज हेर्ने गाउँपालिका स्थित कार्यालयको प्रमुख -सदस्य
(ङ) गाउँपालिका हेर्ने वन कार्यालयको प्रमुख -सदस्य
(च) गाउँपालिका स्थित प्रहरी कार्यालयको प्रमुख -सदस्य
(छ) सम्बन्धित वडाका वडाअध्यक्ष -सदस्य
(ज) गाउँपालिकाको पूर्वाधार विकास शाखा प्रमुख -सदस्य
(झ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख -सदस्य
(ञ) गाउँपालिकाको वातावरण शाखा प्रमुख वा वातावरण शाखा हेर्न तोकिएको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार बिषय विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई अमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन समितले यस ऐनको कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा यस ऐन बमोजिम कारबाही गर्ने र कार्यान्वयन गर्न लगाउनेछ।

(४) उपदफा (१) बमोजिम अनुगमन समितको अन्य काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ।

७६. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आवश्यकताअनुसार उपसमिति गठन गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ।

७७. **वातावरण निरीक्षकको नियुक्ती गर्न गर्न सक्नेः** (१) गाउँपालिका यस ऐन बमोजिमको कार्य भए नभएको, गाउँपालिका क्षेत्रभित्र प्रदुषण कम गर्ने हटाउने वा नियन्त्रण गर्ने तथा स्वीकृत वातावरणीय प्रतिवेदन अनुसार गुर्नपर्ने कामहरु प्रभावकारी रूपले गर्न गराउन, वातावरण संरक्षण सम्बन्धी प्रचलित मापदण्डको प्रचलित मापदण्डको पालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट वातावरण वा सोसँग सम्बन्धित विषयमा कम्तिमा स्नातक हासिल गरेको व्यक्तिलाई प्रचलित कानून बमोजिम निर्धारित मापदण्ड र प्रक्रिया पुरा गरी वातावरण निरीक्षक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको वातावरण निरीक्षक गाउँपालिकाले नियुक्ति नगरी प्रदेश वा संघीय सरकारसँगको समन्वयमा प्रदेश वा संघीय सरकारको वातावरण अधिकृतलाई आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम परिचालन गरिएकोमा त्यस्तो कर्मचारीलाई गाउँपालिकाले प्रचलित कानूनको अधिनमा रही थप सुविधा उपलब्ध गराउन सक्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै वातावरणविदलाई बार्षिक सेवा करारमा लिई वातावरण निरीक्षकको काममा लगाउन ।

(५) उपदफा (४) बमोजिम बारिशिक सेवा करारमा कार्य गराउँदा उपलब्ध गराउने सेवा सुविधा सम्बन्धी व्यवस्था करार गर्दाका बखत उल्लेख गरी बमोजिम हुनेछ ।

७८. **वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः** (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम प्रचलित संघीय र प्रदेश कानून तथा मापदण्ड बमोजिम प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम प्रचलित कानून र मापदण्ड विपरीत कुनै ठाउँबाट प्रदुषण निष्काशन सम्बन्धी नकरात्मक कार्य गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएका शर्त बमोजिम काम भए नभएको सम्बन्धमा स्थलगत जाँचबुझ तथा निरीक्षण गर्ने,

(घ) खण्ड (क), (ख) र (ग) बमोजिम गरिएको जाँचबुझ तथा निरीक्षण प्रतिवेदन तोकिएको अधिकारी समक्ष पेश गर्ने,

(ङ) तोकिए बमोजिका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिम निरीक्षण गर्ने सिलसिलामा वातावरण निरीक्षकले सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकलाई पूर्व सूचना दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधान, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसमान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा जाँचबुझ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षणको सिलसिलमा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(४) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७९. **स्थानीय विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिकाभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय अनुसारको एक स्थानीय विपद् व्यवस्थापन समिति रहने छ,-

(क) गाउँपालिका अध्यक्ष -संयोजक,

(ख) गाउँपालिकाको उपाध्यक्ष -सदस्य,

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य,

(घ) विषयगत समितिका संयोजकहरू -सदस्य,

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य,

(च) सामाजिक शाखा प्रमुख -सदस्य,

(छ) पूर्वाधार विकास शाखा प्रमुख -सदस्य,

(ज) सिलीचोङ गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका सङ्घीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य,

(झ) सिलीचोङ गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य,

(ञ) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि -सदस्य,

(ट) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य,

(ठ) उद्योग वाणिज्य संघका स्थानीय प्रतिनिधि -सदस्य,

(ड) गैरसरकारी सस्था महासंघका स्थानीय प्रतिनिधि (१ जना) -सदस्य

(ढ) पत्रकार महासंघको स्थानीय प्रतिनिधि वा स्थानीय मिडियाकर्मी -सदस्य

(ण) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (ट), (ठ), (ड) र (ढ) का सदस्यहरूको पदावधि दुई बर्षको हुनेछ  उपलब्ध नभएमा पनि समिति गठन एवम् काम कारबाही गर्न असर पर्ने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (ट), (ठ), (ड) र (ढ) का सदस्यहरू उपलब्ध नभएमा पनि समिति गठन एवम् काम कारबाही गर्न असर पर्ने छैन।

(४) उपदफा (१) बमोजिमको समितिले संघीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ।

८०. **स्थानीय विपद् व्यवस्था समितिको बैठक** : (१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ।

(२) संयोजकको निर्देशनमा समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछन ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघसंस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

८१. **स्थानीय विपद् व्यवस्था समितिको काम, कर्तव्य र अधिकार**: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) गाउँ सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने / गराउने ।

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) गाउँपालिकाको पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक विधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने

भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरूको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने.

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी कार्य गर्ने / गराउने ।

(ड) विपद् बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुना साथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदाय स्तरमा समावेसी विपद् पूर्वतया तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक क्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका उकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेष महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचविखन तथा अन्य कुनै किसिमको शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

(भ) विपद् प्रभावितहरूको प्रतक्ष्य र सक्रिय सहभागितामा विपद् प्रभाभित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, वालवालिका, जेष्ठ नागरीक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति, दलित, सीमान्तकृत वर्ग लगायतको लागि बिशेष योजना तथा कार्यक्रम बनाई लागु गर्ने, गराउने।

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँ सभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा सङ्घीय तथा प्रादेशिक कानुनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) बिभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषय वस्तु लाई आवश्यक मापदण्ड र वितरण स्थान तोकी सोहि अनुसार गर्ने, गराउने ।

८२. **वडास्तरीय विपद् व्यवस्थापन समितिः** (१) गाउँपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा सदस्यहरू -सदस्य

(ग) वडाभित्र रहेका बिषयगत शाखा/ इकाई कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि -सदस्य

(च) स्थानीय रेडक्रसका प्रतिनिधि -सदस्य

(छ) गैर सरकारी तथा समुदायमा आधारित संघसंस्था तथा युवा संयोजकले तोकेबमोजिम न्युनतम २ महिलासहित ४ जना -सदस्य

(ज) वडा सचिव -सदस्य सचिव

(३ ) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(४) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अबस्थामा संयोजक र घटीमा १ जना सदस्यसहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(६) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(७) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(८) समितिले आवश्यकता अनुसार संस्थाका प्रतिनिधि र विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिको बैठकसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(१०) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

८३. **वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि स्थानीय विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् स्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपतकालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापनसम्बन्धी काम गर्ने समूहहरूको परिचालन गर्ने, गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरीक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरूक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विषद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपतकालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा गाउँ विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विषदको समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचचविखन तथा अन्य कुनै किसिमको शोषण। रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) गाउँ विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद -८

## कोष स्थापनार सञ्चालन सम्बन्धी व्यवस्था

८४. **वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोषको स्थापना र सञ्चालन** : (१) गाउँपालिकामा वातावरण संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रणका साथै जैविक विविधताको संरक्षण लागि वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कोष नामको एउटा कोष स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) सिलीचोङगाउँपालिकाबाट प्राप्त रकम,

(ख) संघीय, प्रदेश सरकार वा अन्य श्रोतबाट प्राप्त रकम,

(ग) कुनै विदेशी वा स्वदेशी संस्था/कम्पनी वा व्यक्तिले उपलब्ध गराएको सहयोग रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) वातावरण संरक्षण कोषको सञ्चालन र व्यवस्थापन गाउँ कार्यपालिकाको कोष सञ्चालन र व्यवस्थापन गरी बमोजिम नै गरिनेछ।

(४) कोषको लेखापरीक्षण कार्यपालिकाको लेखापरीक्षण सरह महालेखा परीक्षकबाट हुनेछ।

(५) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिकामार्फत गाउँसभा समक्ष पेश गर्नु पर्नेछ।

८५. **विपद् व्यवस्थापन कोष** : (१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन्;-

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापन लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापन लागि प्राप्त रकम,

(घ) स्वदेशी वा विदेशी कुनै सङ्घ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरूप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) कोषको कूल आम्दानी अन्तर्गत दफा उअदफा (२) र दफा ८६ बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा कोषको खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय र अन्य संघ संस्था निकायबाट कोषको लागि प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउँनेछ।

तर वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन

(४) यस ऐन बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरी अभिलेख गरिनेछ।

(५) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि गाउँपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा एक छुट्टै खाता खोलिनेछ।

(६) विपद् व्यवस्थापनका लागि गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्नेछ।

(७) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरीनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरीने छैन ।

(९) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिकामार्फत गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

८६. **कोषको आम्दानी** : (१) यस ऐनको अधिनमा रहि कोषमा देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछ;-

(क) गाउँपालिकाको वार्षिक बजेटमार्फत् विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(ख) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य स्थानीय तहबाट प्राप्त रकम,

(ग) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(घ) गाउँसभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

(ङ) गाउँ सभा सदस्य, गाउँ कार्यपालिका सदस्य तथा गाउँपालिकाका कर्मचारीहरूको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

(च) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल, नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(छ) गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा संघसंस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

(छ) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज आय,

(ज) यस ऐन बमोजिम वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय,

(झ) प्रचलित कानूनको अधिनमा रहि कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस ऐन बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनु पर्नेछ।

(४) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ।

तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।

८७. **वस्तुगत सहायता सामाग्रीः** (१) यस ऐनको अधिनमा रहि कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सामाग्रीको साथमा प्राप्तहुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ। यदी त्यस्तो मूल्यबिना नै वस्तुगत सामाग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो वस्तुगत सामाग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ। सो पनि नभएमा त्यसरी प्राप्त सामाग्रीको लागि समितिले उचित ठहर्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिईनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने (सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामाग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा ८४ बमोजिमको कोषको खातामा जम्मा गरिनेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री स्थानीय विपद् व्यवस्थापनमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सक्नेछ।

(५) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई समितिले अस्वीकार गर्नेछ।

(६) उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री उपदफा (४) वा (५) बमोजिम अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भर्पाई उपलब्ध गराउनुपर्नेछ।

(७) उपदफा (१) बमोजिम स्वीकार गरी उपदफा (२) बमोजिम अभिलेख गरिएको र उपदफा (४) वा (५) बमोजिम अस्विकार गरिएको सामाग्रीको विवरण तथा स्वीकार गरिएको सामाग्रीको हकमा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ।

तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन।

(८) यस दफा बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीलाई त्यस्तो सामाग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुर्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ।

८८. **कोषको उद्देश्य** : (१) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनिकरण तथा विपद्को व्यवस्थापनका लागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्नु कोषको उद्देश्य रहनेछ।

(२) कोषले देहायका क्षेत्रमा काम गर्ने छ;-

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने,

(ख) विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने,

(ग) विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने।

८९. **कोषको प्रयोग** : (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी संयोजकको निर्णयबाट एक पटकमा बढीमा दश हजार रूपैयासम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन।

(३) कोषमा जम्मा भएको रकम तथा सामाग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछः

(क) विपद्बाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनर्स्थापना गर्न,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधी उपचार गर्न,

(ङ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(च) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए बमोजिमको सहायता उपलब्ध गराउन,

(छ) विपद्को कारण सम्पत्तिको क्षती हुने व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम् सेवक तथा विशेषज्ञको परिचालन र सामाग्री खरिद तथा भण्डारण गर्न,

(झ) विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको विसर्जन गर्न,

(ञ) विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन गर्न,

(ट) खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सुचारु गर्न,

(ठ) स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको विकास तथा परिचालन सम्बन्धी कार्य गर्न,

(ड) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धन जनको स्थानान्तरण गर्न,

(ढ) विपद् पश्चात विपद्बाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

(ण) विपद् पछिको पुनःनिर्माण गर्न,

(त) विपद् पूर्वतयारी, विपद् प्रतिकार्य, विपद् र विपद्पछिको पुनर्लाभ विपद् जोखिम न्यूनिकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न,

(थ) समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्बन्धि अन्य काम गर्न, गराउन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन।

(५) कोषमा मौज्दात रकम पाँच लाख रूपैया भन्दा घटि भएको अवस्थामा आपतकालिन कार्यबाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिनेछैन।

९०. **राहत सहायता वितरणः** (१) प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहर्याए बमोजिम हुनेछ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जन धन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ।

(६) विपद् प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

९१. **कोष प्रयोग गर्न नपाईनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) कार्यालयको नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिएबमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभासम्मेलन सञ्चालन गर्न, गराउन,

(च) आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माणसम्बन्धी कार्य गर्न, गराउन,

(छ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न, गराउन।

(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्यै कुनै पनि सामाग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन।

९२. **कोषको सञ्चालन** : (१) कोषको बैंक खाता सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(२) कोषबाट एक पटकमा दुई हजार रूपैया भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्यरूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ।

९३. **कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकरण** : (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) कोषको मासिकरूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गतेभित्रमा सार्वजनिक गर्नुपर्नेछ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा समक्ष पेश गर्नु पर्नेछ।

९४. **लेखा परिक्षण** : (१) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(३) गाउँ कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसाबकिताब जाँच्न वा जाँच गराउन सक्नेछ।

(४) गाउँ कार्यपालिकाको कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरिक्षणको व्यवस्था मिलाउनेछ।

९५. **सशर्त सहायता** : (१) विपद् व्यवस्थापन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व समितिले शर्त स्वीकार गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्नेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामाग्री कोषमा जम्मा हुनेछ।

तर नेपाल सरकार, प्रादेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व निर्णय आवश्यक पर्नेछैन।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्रीलाई तोकिएको काममा मात्र उपयोग गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्री तोकिए बमोजिमको कार्यमा उपयोग भए नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम कोषमा सहायता स्वरूप प्राप्त हुने भौतिक सामाग्रीहरुको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित गर्न आवश्यक्ता अनुसार समितिले थप मापदण्ड / निर्देशिका बनाई लागु गर्न सक्नेछ।

९६. **रकम फ्रिज नहुने तथा आवर्ती कोष ( रिवल्विङ फण्ड) को रूपमा रहने** : (१) दफा ८४ ,८५ र ८६ बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ।

तर दफा ९४ को उपदफा (१) बमोजिम प्राप्त सहायता रकमलाई त्यस्तो शर्त अनुरूप उपयोग गर्न नसकेको कारण जनाई सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रूपमा सञ्चालन गरिनेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विड फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रूपमा बजेट विनियोजन मार्फत पुनः पुर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ।

(३) कोषमा मौज्दात रकम पाँच लाख रूपैया भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न प्रयत्न गरिनेछ।

९७. **सहयोगका लागि आह्वान गर्ने** : (१) विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा गाउँपालिकाले छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

(२) विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक राष्ट्रसेवक, उद्योगी व्यवसायी, प्रबुद्ध व्यक्ति तथा आम सर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ।

## परिच्छेद -९
## कसुर र सजाय सम्बन्धी व्यवस्था

९८. **कसुर गरेको मानिने**: (१) कसैले यस दफा बमोजिम काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ।

(२) दफा ९ बमोजिम प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गराएमा।

(३) दफा ११ को उपदफा (१) बमोजिम कार्य गर्न रोक लगाएकोमा त्यस्तो कार्य नरोकी निरन्तर गरी रहेमा।

(४) दफा १५ को उपदफा (३) विपरित कार्यपालिका बाट स्वीकृति नलिई व्यवसायिक प्रयोजनका लागि निजी वन वा नीजि आवादीमा रहेको वन पैदावरको संकलन तथा ओसारपसार गरे गराएमा।

(५) दफा १८ को उपदफा (१) विपारित अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गरे गराएमा ।

(६) दफा २२ बमोजिम सरकारले विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेकोमा सो पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने र सो को पालना नगरेमा यस ऐन बमोजिम कसुर गरेको मानिनेछ।

(७) दफा २३ विपरित विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरीक वा संस्था प्रवेश गरेमा ।

(८) दफा २८ बमोजिमको निर्देशनको पालना सम्बन्धित व्यक्ति वा निकायको नगरे नगराएमा।

(९) दफा ४४ को उपदफा (१) बमोजिम र उपदफा (३) विपरीत गाउँपालिका बाहेक अन्यले नदि वा खानीबाट प्राकृतिक स्रोत तथा नदिजन्य सामग्रीको उत्खनन र प्रशोधन गरे गराएमा।

(१०) दफा ४५ को उपदफा (१) बमोजिम बालुवा प्रशोधन उद्योग, क्रसर उद्योगहरु गाउँपालिकामा सूचिकृत वा दर्ता नगरी सञ्चालन गरे गराएमा।

(११) दफा ४५ को उपदफा (४) बमोजिम उद्योग / क्रसर उद्योग प्लान्टहरुले नदीजन्य सामाग्रीको निर्यात तथा खपतको विवरण प्रत्येक पन्ध्र पन्ध्र (१५/१५) दिनमा कार्यपालिकामा नबुझाएमा।

(१२) दफा ४५ को उपदफा (५) बमोजिमको विवरण कार्यपालिकामा नबुझाएमा।

(१३) दफा ४५ को उपदफा (६) बमोजिमको विवरण भन्दा फरक मार्ग वा सडकबाट ढुवानी गरे गराएमा।

(१४) दफा ४५ को उपदफा (७) बमोजिमको कार्य गर्नु पर्ने दायित्व भएको व्यक्ति वा निकायले उक्त कार्य नगरे नगराएमा।

(१५) दफा ४६ को विपरित हेन गरी घाटगद्दी गरे वा गराएमा।

(१६) दफा ४७ को उपदफा (२) विपरीत अनुमति नलिई सामाग्रीको ओसार पोसार गरे गराएमा ।

(१७) दफा ५६ विपरित फोहरमैला व्यवस्थापन गर्ने दायित्व भएको व्यक्ति वा निकायले फोहरमैला व्यवस्थापन नगरे नगराएमा।

(१८) दफा ५८ बमोजिम पृथकीकरणको लागि तोकिएकोमा फोहर पृथकीकरण नगरेमा।

(१९) दफा ५९ विपरित तोकिएको स्थान भन्दा फरक स्थानमा फोहर निस्काशन गरे गराएमा।

(२०) दफा ६० विपरित तोकिएको स्थान भन्दा फरक स्थानमा फोहर निष्काशन गरे गराएमा।

(२१) दफा ६१ बमोजिम जोखिमपूर्ण फोहरको उचित व्यवस्थापन नगरे नगराएमा।

(२२) दफा ६३ विपरित अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गरे गराएमा।

(२३) दफा ६६ विपरित अनुमति नलिई फोहरमैला व्यवस्थापन स्थल निर्माण तथा सञ्चालन गरे गराएमा।

(२४) दफा ६८ बमोजिम शुल्क तोकिएकोमा त्यस्तो शुल्क भुक्तानी नगरेमा।

(२५) दफा ६९ विपरित हुने गरी कार्य गरे गराएमा ।

९९. **जरिवाना सम्बन्धी व्यवस्था**: (१) कसैले दफा ९८ अन्तर्गतको कसुर गरे गराएमा कसुरको मात्र हेरी यस दफा बमोजिम दण्ड जरिवाना हुनेछ ।

(२) दफा ९८ को उपदफा (२) विपरित प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गराएमा गाउँपालिका अध्यक्षले उक्त कार्य रद्ध गरी रूपैयाँ एक हजार देखि रूपैयाँ पाँच हजार सम्म जरिवाना गर्नेछ ।

(३) दफा ९८ को उपदफा (३) विपरितको कसुर गरेमा गाउँपालिका अध्यक्षले उक्त कार्य तात्का रोक्न लगाई रूपैयाँ पाँच हजार देखि रूपैयाँ पन्ध्र हजार सम्म जरिवाना गर्नेछ ।

(४) दफा ९८ को  उपदफा (४) विपरितको कसुर गरेमा गाउँपालिका अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यसरी ओसार पसार गरेको सामग्री जफत गरी सो को मूल्य वरावर जरिवाना।

(५) दफा ९८ को  उपदफा (५) विपरितको अनुमति लिई नर्सरी तथा उद्यान सञ्चालन गरे गराएमा निरीक्षण अधिकृतले रूपैयाँ एक हजार देखि रूपैयाँ पाँच हजार सम्म जरिवाना गर्नेछ ।

(६)  दफा  को ९८ उपदफा (६) बमोजिम को कसुर गर्ने  व्यक्तिलाई अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले  पाँच हजार देखि पचास हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

(७)  दफा ९८ को उपदफा (७)  विपरित को कसुर गर्ने  व्यक्तिलाई अध्यक्ष वा निरीक्षण अधिकृतले  तत्काल पक्राउ गर्न लगाई नेपाल प्रहरीलाई जिम्मा लागाउनु पर्नेछ।

(८)  दफा ९८  को उपदफा (८) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्का गरी त्यस्तो कार्यबाट पुगेको क्षति बराबरको बिगो भराई रूपैयाँ पाँच हजार देखि रूपैयाँ दश हजार जरिवाना गर्नेछ ।

(९)  दफा ९८ को उपदफा (९) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले सो कार्य गर्न प्रयोग भएका उपकरण सवारी साधन जफत गरी रूपैयाँ एक लाख देखि रूपैयाँ तीन लाख सम्म जरिवाना गर्नेछ।

(१०) दफा ९८ को उपदफा (१०) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले तत्काल उक्त कार्यमा शिल गरी सो कार्य गर्न प्रयोग भएका उपकरण सवारी साधन जफत गरी रूपैयाँ दुई लाख देखि रूपैयाँ पाँच लाख सम्म जरिवाना गर्नेछ।

(११)) दफा ९८ को उपदफा (११) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ पचास हजार देखि रूपैयाँ एक लाख सम्म जरिवाना गर्नेछ।

(१२ ) दफा ९८    को उपदफा (१२) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दश हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(१३ ) दफा ९८ को उपदफा (१३) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दुई हजार देखि रूपैयाँ पाँच हजार सम्म जरिवाना गर्नेछ।

(१४ ) दफा ९८ को उपदफा (१४) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ पाँच हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(१५ ) दफा ९८ को उपदफा (१५) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यासी बढी हुने गरी घाट गद्दी गरेको कार्यलाई शिल गरी रूपैयाँ एक लाख देखि रूपैयाँ पाँच लाख सम्म जरिवाना गर्नेछ।

(१६ ) दफा ९८ को उपदफा (१६) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यस्तो सामग्री र सवारी साधन जफत गरी बिगो बराबर जरिवाना गर्नेछ।

(१७ ) दफा ९८ को उपदफा (१७) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दुई हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(१८ ) दफा ९८ को उपदफा (१८) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दुई हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(१९ ) दफा ९८ को उपदफा (१९) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दुई हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(२० ) दफा ९८ को उपदफा (२०) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दुई हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(२१ ) दफा ९८ को उपदफा (२१) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले रूपैयाँ दश हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(२२ ) दफा ९८ को उपदफा (२२) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्का गरी रूपैयाँ दश हजार देखि रूपैयाँ पच्चीस हजार सम्म जरिवाना गर्नेछ।

(२३ ) दफा ९८ को उपदफा (२३) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यस्तो संरचना तत्काल जफत गरी रूपैयाँ एक लाख देखि रूपैयाँ पाँच लाख सम्म जरिवाना गर्नेछ।

(२४ ) दफा ९८ को उपदफा (२४) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले प्रत्येक महिनाको लागि सत प्रतिशत रकम जरिवाना गर्न सक्नेछ।

(२५) दफा ९८ को उपदफा (२५) बमोजिमको कसुर गरे गराएमा अध्यक्ष वा निरीक्षण अधिकृत वा अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्न लगाई रूपैयाँ दुई हजार देखि रूपैयाँ पाँच हजार सम्म जरिवाना गर्नेछ।

(२६) यस ऐन बमोजिम बहेको जरिवाना सरकारी बाँकी सरह असुल उपल गरिनेछ।

१००। **जरिवाना गर्दा अपनाउनुपर्ने कार्यविधि** : (१) अनुगमन गर्दा  दफा ९९ बमोजिमको जरिवाना गर्नुपरेमा तोकिए बमिजिमको ढाँचामा आदेश पर्चा खडा गरी सो को एक प्रति सम्बन्धित व्यक्ति वा संस्थालाई बुझाई सोको भर्पाई गराउनु पर्नेछ।

(२)) उपदफा (१) बमोजिम जरिवानाको रकम निर्धारण गर्दा समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृतले सम्वन्धित व्यक्ति वा संस्थाले गरेको कसुरको प्रकृति त्यसको मात्रा त्यसबाट लाभग्राहीमा पर्न सक्ने प्रतिकूल प्रभाव समेतको आधारमा निर्धारण गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम समिति वा अनुगमन टोलि वा निरीक्षण अधिकृतले जरिवानाको आदेश दिँदा जरिवानाको रकम त्यस्तो जरिवाना बुझाउने स्थान र जरिवाना दाखिला गर्नुपर्ने अन्तिम मिति समेत तोकिदिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको आदेश सम्बन्धित व्यक्ति वा संस्थाले बुझिलिन इन्कार गरेमा वा सो कार्यमा बाधा अवरोध गरेमा समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले प्रहरीको सहयोगमा त्यस्तो जरीवानाको आदेश बुझाउन सक्नेछ।

(५) समिति वा अनुगमन टोली वा निरीक्षण अधिकृतले आफुले गरेको तत्काल जरिवाना सम्बन्धी आदेशको अभिलेख तोकिए बमोजिमको ढाँचामा राख्नुपर्नेछ।

## परिच्छेद -१०

## विविध

१०१. **निवेदन दिन सक्ने:** कसैले यस ऐन विपरीत वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदन विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा कार्यालयले तोकेको अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

१०२. **सहुलियत तथा सुविधा प्रदान गर्न सक्ने:** वातावरण तथा जैविक विविधता संरक्षणमा सकारात्मक प्रभाव पार्ने कुनै उद्योग, व्यवसाय, प्रविधि वा प्रकृयालाई प्रोत्साहित गर्न कानून बमोजिम प्रदान गरिएको सहुलियत तथा सुविधाको अतिरिक्त गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी सहुलियत तथा सुविधा प्रदान गर्न सक्नेछ।

१०३. **समन्वय र सहजीकरण गर्ने:** वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा गाउँपालिकाले आवश्यक समन्वय तथा सहयोग गर्नेछ।

१०४. **सर्वेक्षण** : कार्यपालिकाले आफ्नो क्षेत्रमा रहेको वातावरणीय तथा जैविक विविधताको बस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रूपमा तोकिए बमोजिमको ढाँचामा वातावरणीय तथा जैविक विविधता सर्वेक्षण गर्न सक्नेछ।

१०५. **गुनासो र व्यवस्थापन:** कार्यपालिकाले वातावरण, वातावरण संरक्षण तथा जैविक विविधता सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक अधिकार तोक्न सक्नेछ।

१०६. **परमार्श लिन सक्ने:** गाउँपालिकाको सम्बन्धिता शाखा वा इकाईले यस ऐनको कार्यान्वयनको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

१०७. **अनुगमन तथा मूल्यांकन:** (१) यस ऐन अन्तर्गत आवश्यक अनुगमन र मूल्यांकन दफा ७४ वा ७९ बमोजिमको समिति समितिले आवश्यकता अनुसार अनुगमन टोलि वा निरीक्षण समिति निर्माण गरी वा दफा ७७ वातावरण निरीक्षण अधिकारीले अनुगमन र मूल्यांकनको कार्य गर्ने गराउनेछ।

(२) अनुगमन तथा मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०८. **अधिकार प्रत्यायोजन** : यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कार्यपालिकाले सम्बन्धित समिति वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस ऐन बमोजिम कार्यपालिकालाई प्राप्त अधिकार कार्यपालिकाले गाउँपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समिति वा वातावरण शाखालाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) यस ऐन बमोजिम समितिलाई प्राप्त अधिकार समितिले वातावरण तथा विपद् व्यवस्थापन समिति वा वातावरण शाखा वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतले यस ऐन अन्तर्गत निजलाई तोकिएको जिम्मेवारी सम्बन्धित शाखा वा इकाई वा अनुगमन अधिकृत वा सम्बन्धित शाखा प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०९. **अभिलेख राख्ने**: (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, उपलब्ध गराइएको राहत तथा सो को परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण राख्दा बिपद् परेका महिला, बालबालिका तथा जेस्ठ नागरीक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या यकिन उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नु पर्नेछ।

११०. **पुरस्कार दिन सक्ने**: स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाउँ कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ

१११. **वार्षिक प्रतिवेदनः** (१) समितिले प्रत्येक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँ सभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

११२. **प्रशासनिक खर्च व्यस्थापन**: समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्युनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

११३। **पुनरावेदन** : (१) यस ऐन बमोजिम अनुगमन टोली वा निरीक्षण अधिकृतलले गरेको काम कारबाही वा निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्तो काम कारबाही वा निर्णय भएको मितिले १५ पन्ध्र दिनभित्र वातावरण सम्बन्धी विषयमा दफा ७४ र विपद् सम्बन्धी बिषयमा दफा ७९ बमोजिमको समिति समक्ष उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समिति समक्ष उजुरी पर्न आएमा त्यस्तो उजुरी उपर समितिले तीस दिनभित्र निर्णय गरी निर्णय भएको मितिले सात दिनभित्र निर्णयको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले गरेको कारबाही र निर्णय उपर चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले त्यस्तो काम कारबाही वा निर्णय भएको जानकारी पाएको मितिले १५ पन्ध्र दिनभित्र न्यायीक समिति समक्ष उजुरी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम न्यायीक समिति समक्ष उजुरी पर्न आएमा त्यस्तो उजुरी उपर न्यायिक समितिले पैतालिस दिनभित्र निर्णय गरी निर्णय भएको मितले सात दिनभित्र निर्णयको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कार्यपालिकाबाट भएको निर्णय उपर चित्त नबुझेमा निर्णयको सूचना पाएको मितिले ३५ पैतीस दिनभित्र संखुवासभा जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

(६) यस ऐन बमोजिम जरिवाना गर्ने निर्णय भएकोमा त्यस्तो जरिवाना भुक्तान नगरी वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा नगरी पुनरावेदनको निवेदन दर्ता हुने छैन ।

११४. **नियम बनाउन सक्ने** : कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि देहायका बिषय लगायत अन्य आवश्यक नियम बनाउन सक्नेछ ।

(क) परियोजना प्रस्ताव सम्बन्धमा,

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावणीय प्रभाव मुल्यांकन गर्ने सम्बन्धमा,

(ग) प्रदुषणको स्रोत, मापदण्ड, रोकथाम र नियन्त्रण सम्बन्धमा,

(घ) जैविक विविधता, स्थानीय स्रोत र स्थानीय सम्पदा सम्बन्धमा,

(ङ) वातावरण संरक्षण कोष सञ्चालन सम्बन्धमा |

११५. **कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने** : कार्यपालिकाले यस ऐन र ऐन अन्तरगत बनेको नियमावलीको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

११६. **खारेजी र बचाउ** : (१) देहायका ऐन, निर्देशिका र कार्यविधि खारेज गरिएको छ ।

(क) विपद् ब्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि २०७५

(ख) विपद् पिडित पुनर्वास स्थापना कार्यविधि २०७७

(ग) सडक सरसफाई तथा सडक हेरालु व्यवस्थापन कार्यविधि २०७९ ।

(२) उपदफा (१) बमोजिम खारेज भएका ऐन र कार्यविधि बमोजिम भए गरेका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ ।